# पुथा उत्तरगंगा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

# तकसेरा, रुकुम पूर्व

## विद्यालय अनुगमन निर्देशिका २०७९

**प्रस्तावनाः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ २ ( ज ) मा गाउँ शिक्षासम्बन्धी अधिकारहरुको पिरिधिमा रही यस गाउँपालिकामा सञ्चालित विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको नियमितता, विद्यालयमा हरेक पक्षको व्यवस्थापन, विद्यार्थी सिकाई उपलब्धि आदिको मुल्याङ्कनगरि पुथा उत्तरगंगागाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले "पुथा उत्तरगंगा गाउँपालिका विद्यालय अनुगमन निर्देशिका २०७८" तयार गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१ सँक्षिप्त नाम र प्रारम्भः**

**१)** यो निर्देशिकाको नाम **" पुथा उत्तरगंगा गाउँपालिका विद्यालय अनुगमन निर्देशिका २०७९"** हुनेछ ।

२) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "**अनुगमन समिति**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको विद्यालय अनुगमन समिति सम्झनु पर्दछ ।

ख)"**बि.व्य.स**." भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

ग) "**शिक्षा शाखा प्रमुख** " भन्नाले पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

घ)"**गाउँपलिका**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) "**वडा शि.स**." भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाका वडा शिक्षा समितिहरुलाई सम्झनु पर्दछ ।

च)"**गा. शि. स.**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिका गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

छ)" **बिषयगत समिति**" भन्नाले पुथा उत्तरगंगा गाउँपरीक्षा समिति अन्तर्गत रहेको विषयगत समितिलाई सम्झनु पर्दछ ।

ज) "**मा. वि**." भन्नाले पुथा उत्तरगंगा गाउँपालिका भित्ररहेका कक्षा ९ - १० र ९ – १२ सञ्चालीत माध्यमिक विद्यालयहरु सम्झनु पर्दछ ।

झ) "**आ. वि**." भन्नाले पुथा उत्तरगंगा गाउँपालिका भित्ररहेका प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म र कक्षा ८ सम्म सञ्चालीत आधारभूत विद्यालयहरु सम्झनु पर्दछ ।

ञ) "**स.प्रा. बा. वि. के**." भन्नाले समुदायमा सञ्चालीत प्रारम्भिक बाल विकास केन्द्रहरु सम्झनु पर्दछ ।

ट) "**प्र.अ**." भन्नाले पुथा उत्तरगंगा गाउँपालिका भित्र रहेका विद्यालयका प्रधानाध्यापकहरु सम्झनु पर्दछ ।

ठ)"**सचिवालय**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको विद्यालय अनुगमन समितिको सचिवालय सम्झनु पर्दछ ।

## परिच्छेद २

## अनुगमन समिति

**२.अनुगमन समितिः**

२.१ गाउँ शिक्षा समितिको अध्यक्षको संयोजकत्वमा एक गाउँपालिका विद्यालय अनुगमन समिति हुनेछ।

२.२ गाउँपालिका विद्यालय अनुगमन समितिको अधिनमा रहि कार्यगर्न प्रत्येक वडा वडामा वडा विद्यालय अनुगमन समितिहरु रहनेछन्।

२.२.१.वडा विद्यालय अनुगमन समिति सदस्यहरु देहाय वमोजिम हुनेछनः-

क) वडाध्यक्ष – **संयोजक**

ख) वडामा रहेका माध्यमिक विद्यालय प्र.अ. मध्येवाट (माध्यमिक विद्यालय नभएका वडामा आधारभूत विद्यालय प्र.अ.मध्येवाट) वडा विद्यालय अनुगमन समितिले मनोनयन गरेको एकजना प्र.अ.- सदस्य

ग) वडा सद्स्य मध्येवाट वडा विद्यालय अनुगमन समितिले मनोनयन गरेको एकजना महिला सदस्य सहित २ जना - **सदस्य**

घ) वडा सचिव- **सदस्य सचिव**

२.३ विद्यालय अनुगमनलाई व्यवस्थित गरी सम्वन्धित पक्षलाई सुझाव तथा निर्देशन दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय वमोजिमको गाउँपालिका विद्यालय अनुगमन समिति रहने छ। यस समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

क) गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष - **संयोजक**

ख) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - **सदस्य**

ग) सामाजिक विकास समिति सँयोजक वा संयोजकले तोकेको व्यक्ति - **सदस्य**

घ) शिक्षक महाँसघको प्रतिनिधि - **सदस्य**

ङ) सेवा निवृत्त मा.बि.का शिक्षक मध्येवाट वा सोहि शिक्षक नभएमा मा. वि. स्थायी शिक्षक अनुगमन समितिले मनोनयन गरेका एक जना- **सदस्य**

च) गाउँपलिकाको प्राविधिक कर्मचारी - **सदस्य**

छ) लेखा प्रमुख - **सदस्य**

ज) प्रशासन शाखा प्रमुख -**सदस्य**

झ) शिक्षा शाखा प्रमुख - **सदस्य सचिव**

२.४ गाउँपालिका तथा वडा विद्यालय अनुगमन समितिका सदस्यहरुको अनुगमन पारीश्रमिक तोकिए वमोजिम हुनेछ ।

२.५ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शिक्षा शाखा प्रमुख सदस्य सचिव भै जिम्मेवारी बहन गर्नेछ ।

२.६ विद्यालय अनुगमन समितिको सचिवालय गाउँ शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

## परिच्छेद ३

## विद्यालय अनुमगन समितिको काम, कर्तव्य र अधिकार

३.१ वडा विद्यालय अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क) वडा भित्र सञ्चालित विद्यालयहरुको अनुगमन गरी विद्यालय तथा वि.व्य.स.लाई निर्देशन दिने ।

ख) वडा शिक्षा समिति समक्ष अनुगमन प्रतिवेदन पेश गर्ने ।

ग) उत्कृष्ठ विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृतगर्नका लागि मापदण्ड अनुसार वडा शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

घ) विद्यालयको भौतिक व्यवस्थापनका लागि वडा शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

च) परीक्षा, अतिरिक्त कृयाकलाप सञ्चालन सम्बन्धमा विद्यालयलाई निर्देशन दिने ।

छ) तहगत रुपमा परीक्षा तथा नतिजाहरुको अभिलेखिकरण गरी वडा शिक्षा समिति समक्ष सम्प्रेषण गर्ने ।

ज) विद्यालयमा दिवा खाजा खुवाए नखुवाएको तथा कस्तो किसिमको खाजा खुवाएको अनुगमन गर्ने ।

झ) विद्यालयमा पाठयपुस्तक तथा छात्रवृत्ति वितरणको अवस्थालाई अनुगमन गर्ने ।

ञ) विद्यालयमा सिकाइ सहजिकरणको अवस्थालाई अनुगमन गर्ने ।

ट) विद्यालयमा भए गरेका अन्य सकरात्मक तथा नकरात्मक गतिबिधि लाई वडा शिक्षा समिति समक्ष पेश गर्ने ।

३.२ गाउँपालिका विद्यालय अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क) गाउँपालका भित्र सञ्चालित विद्यालयहरुको अनुगमन गरी विद्यालय तथा वि.व्य.स.लाई निर्देशन दिने ।

ख) गाउँ शिक्षा समिति, सामाजिक विकास समिति समक्ष अनुगमन प्रतिवेदन पेश गर्ने ।

ख) उत्कृष्ठ विद्यालय,शिक्षक र विद्यार्थी चयनका लागि मापदण्ड तयार गर्ने ।

घ) उत्कृष्ठ विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृतगर्नका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ङ) विद्यालयको भौतिक व्यवस्थापनका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

च) परीक्षा, अतिरिक्त कृयाकलाप सञ्चालन सम्बन्धमा विद्यालयलाई निर्देशन दिने ।

छ) विद्यालयमा दिवा खाजा खुवाए नखुवाएको तथा कस्तो किसिमको खाजा खुवाएको अनुगमन गर्ने ।

ज) विद्यालयमा पाठयपुस्तक तथा छात्रवृत्ति वितरणको अवस्थालाई अनुगमन गर्ने ।

झ) विद्यालयमा सिकाइ सहजिकरणको अवस्थालाई अनुगमन गर्ने ।

ञ) प्रत्येक महिनामा कम्तीमा एकपटक विद्यालयको अनुगमन गर्ने, त्यसरी अनुगमन गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरि राम्रा पक्षहरुलाई निरन्तरता दिने र सुधार गर्नु पर्ने पक्षलाई सुधारको लागि आवश्यक सहजिकरण गरि गाउँ शिक्षा समिति समक्ष सोहि विवरण पेश गर्ने ।

ट) शिक्षा ऐन र नियमावलीबमोजिम विद्यालय नियमित रुपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनहरुको अधिकतम सदुपयोग भए नभएको र निर्धारित स्तरबमोजिम पठनपाठन भए नभएको सम्बन्धमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरुप भएको नदेखिएमा सुधार गर्न लगाउने ।

ठ) विद्यालयको विकासका लागि व्यवस्थापन समिति तथा स्थानीय शिक्षाप्रेमिहरुसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने ।

ड) परीक्षा समितिको निर्देशनबमोजिम परीक्षा सञ्चालन गर्ने गराउने ।

ढ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको अनुगमन गर्ने।

ञ) विद्यालयमा भए गरेका अन्य सकरात्मक तथा नकरात्मक गतिबिधि लाई गाउँ शिक्षा समिति समक्ष पेश गर्ने।

त) आफ्नो पालिका भित्रको शैक्षिक तथ्यांक संकलन तथा विश्लेषण गरि शिक्षा शाखामा अभिलेखिकरण गरि राख्ने।

थ) विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेनबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई सुझाव दिने।

द) शिक्षक तथा कर्मचारीहरुको दैनिक उपस्थित हाजिरी विवरण अनुगमन गरि अनुउपस्थित शिक्षक कर्मचारीलाई हाजिरी पुस्तिकामा गयल जनाइ आवश्यक कार्बाहि गर्ने।

ध) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बिदाको अभिलेख शैक्षिक सत्रको अन्तयमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने।

न) विद्यालयमा विभिन्न कोरोना महामारी, भुकम्प, बाढि पहिरो जस्ता प्रकोप तथा विपदहरु बाट शुरक्षित रहन शैक्षिक निकाय तथा बालवालिकाहरुमा विभिन्न सचेतनामूलक कार्यकलापहरुमा सहजिकरण गर्ने।

## परिच्छेद ४

## वजेट व्यवस्थापन

४.१ गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको ब्यवस्थापन गर्नेछ । वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम नपुग भएमा अन्य शिर्षकमा विनियोजन भएको बचत हुने रकमबाट यो शिर्षकमा रकमान्तर गर्न गाउँ कार्यपालिकालाई कुनै वाधा पर्ने छैन।

४.२ यसका लागि विनियोजित बजेट आर्थिक ऐन तथा नियमावलि तथा खर्च मित्यवियताको अधिनमा रहि कार्ययोजनाका आधारमा खर्च गरिनेछ।

## परिच्छेद- ५

## बिविध

६.१ कम्तिमा बार्षिक ३ पटक विद्यालयहरुको अनुगमन गर्नुपर्नेछ।

६.२ अनुगमन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी कुनै सदस्यलाई विद्यालय अनुगमनको आँशिक वा पुरा अधिकार प्रयोग गर्नेगरी विद्यालय अनुगमनको जिम्मेदाररी तोक्न सक्ने छ।

६.३ विद्यालय विपद् व्यवस्थापनका लागि विपदमा परेको विद्यालयको अनुगमन गरी अनुगमन समितिले कार्यपालिका समक्ष सिफारिस गर्ने छ।

६.४ हरेक वर्ष परीक्षामा उत्कृष्ठ अंक ल्याई उत्तिर्ण हुने छात्रा र छात्र र विद्यालयलाई तहगत रुपमा पुरष्कृत गरिने छ। पुरष्कार नगद तथा प्रमाणपत्र हुने छ।

६.५. वुदा ६.४ अनुसार पुरस्कृत हुने विद्यालय तथा विद्यार्थीलाई पुरस्कारका लागि अनुगमन समितिले शिक्षा समितिमा सिफारिस गर्ने छ। शिक्षा समितिको सिफारिस अनुसार गाउँकार्यपालिकाले उत्कृष्ठ विद्यालय र विद्यार्थीलाई तहगत रुपमा पुरस्कृत गर्नेछ।

**६.६ बाधा अड्काउ फुकाउने अधिकारः-**

यस कार्यविधिको कार्यान्वयनमा कुनै अप्ठेरो परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ।